# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, जेठ १ गते २०३१ साल [पूर्वातिरिक्ताङ्क ६

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

धान र चामल नियन्त्रण आदेश, २०३१

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस आदेशको नाम "धान र चामल नियन्त्रण आदेश, २०३१" रहेको छ।

(२) यो आदेश सगरमाथा अञ्चलका सिराहा र सप्तरी जिल्लामा मात्र लागू हुनेछ।

(३) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा –

(क) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्छ।

(ख) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ।

(ग) "स्टक" भन्नाले मिति २०३१।१।११ को अतिरिक्ताङ्क ३ नेपाल राजपत्र भाग ३ मा प्रकाशित धान र चामल नियन्त्रण आदेशबमोजिम मिल मालिक, गोलावाला वा थोक व्यापारीले दिएको विवरणबमोजिमको स्टकलाई सम्झनु पर्छ।

९३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. धान र चामलमा नियन्त्रण:– यो आदेश प्रारम्भ भएपछि धान र चामलको आफूसंग रहेको स्टकबाट कुनै मिल मालिक, गोलावाला वा थोक व्यापारीले धान र चामलको बिक्री वा अन्य कुनै तरीकाले हस्तान्तरण वा विदेश वा जिल्ला बाहिर निकासी गर्न नियन्त्रण गरिएको छ।

तर कुनै मिल मालिक, गोलावाला वा थोक व्यापारीले आफूसंग रहेको धान र चामलको स्टकबाट पन्ध्र प्रतिशतसम्म स्थानीय उपभोगको लागि बिक्री गर्न सक्नेछ र बाँकी स्टकबाट पच्चीस प्रतिशत श्री ५ को सरकारले तोकेको व्यक्ति वा संस्थालाई लेभी बुझाई प्रचलित नेपाल कानूनबमोजिम जिल्लाबाट धान र चामल विदेशमा निकासी गर्न सक्नेछ।

स्पष्टीकरण:– यस आदेशको प्रयोजनको लागि "लेभी बुझाई" भन्नाले मोटो चामल बासट्ठी रुपैयाँ प्रतिमन, मसिनो चामल चौंसट्ठी रुपैयाँ प्रतिमन, मोटो धान अठतीस रूपैयाँ पचहत्तर पैसा प्रतिमन र मसिनो धान चालीस रुपैयाँ प्रतिमनका दरले बिक्री गर्नु पर्ने कुरालाई जनाउँछ।

४. अभिलेख र बहीखाता दुरुस्त राख्नु पर्ने:– धान र चामलको स्टक हुने मिल मालिक, गोलावाला वा थोक व्यापारीले आफूसंग भएको धान र चामल स्थानीय बजारमा बिक्री गरेको, लेभी बुझाएको, निकासी गरेको र स्टकसम्बन्धी अभिलेख (रेकर्ड) र बहीखाता सँधै दुरुस्त राख्नु पर्नेछ र स्थानीय अधिकारीले चाहेको बखत जाँच्न दिनु पर्नेछ।

५. मिल मालिक, गोलावाला र थोक व्यापारीको जिम्मेवारी:– यस आदेशको दफा ३ को प्रयोजनमा बाहेक अरूको हकमा यो आदेशको बखिलाप आफूसंग रहेको धान र चामलको स्टक हिनामिना हुन नदिने सो मिल मालिक, गोलावाला वा थोक व्यापारीहरूको समेत जिम्मेवारी हुनेछ।

६. खानतलाशी र जफत गर्ने अधिकार:– यो आदेशको दफा ४ बमोजिम कसैले अभिलेख (रेकर्ड) र बहीखाता दुरुस्त नराखेको वा राखेको भए तापनि सो आदेशको उल्लङ्घन हुने गरी घटी बढी पारी राखेको वा यो आदेशको दफा ५ को विपरीत आफूसंग रहेको धान र चामलको स्टक हिनामिना पारेको छ भन्ने मनासिब माफिकको शंका भएमा स्थानीय अधिकारीले कुनै मिल, गोदाम घर, धनसार वा भकारी खानतलाशी लिन सक्नेछ र आवश्यक देखेमा निजसंग रहेको स्टक जफत गर्न सक्नेछ।

७. गिरफ्तार गर्ने अधिकार:– कुनै व्यक्तिले ऐन र यस आदेशको बखिलाप कसूर गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब माफिकको कारण छ भन्ने स्थानीय अधिकारीले ठहऱ्याएमा निजले सो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ।

८. खारेजी:– २०३१ वैशाख ११ गते अतिरिक्ताङ्क ३ नेपाल राजपत्र भाग ३ मा प्रकाशित "धान र चामल नियन्त्रण आदेश, २०३१" लाई खारेज गरिएको छ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।